**मिति २०८३/०१/३० गतेका दिन गाउँ कार्यपालिकाको वैठकमा पेश भएका प्रस्तावहरु :**

प्रस्ताव नं. १:

अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २:

योजना अनुगमन तथा सुपरीवेक्षण समितिको अनुगमन प्रतिवेदन स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. ३:

आयोजना छनौट र प्राथमिकिकरणको आधार तथा मापदण्ड सम्बन्धमा ।

प्रस्ताव नं. ४:

गाउँपालिकाको सेवा प्रवाह मापदण्ड, २०८३ सम्बन्धमा ।

प्रस्ताव नं. ५:

उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ सम्बन्धमा ।

प्रस्ताव नं. ६:

कामकाज गर्न खटाइएका कर्मचारीलाई सुदुरपश्चिम प्रदेशका स्थानीय तहमा पदस्थापन सहमति सम्बन्धमा ।

प्रस्ताव नं. ७:

उद्योग वाणिज्य महासंघ, बागलुङलाई आर्थिक सहयोग सम्बन्धमा ।

प्रस्ताव नं. ८:

आ.व. २०८२/०८३ मा अधिकार क्षेत्र बाहिर करारोपण नगरेको सम्बन्धमा ।

प्रस्ताव नं. ९:

मेला तथा खेलकुद कार्यक्रमका लागि आर्थिक सहयोग सम्बन्धमा ।

प्रस्ताव नं. १०:

शोक विदा अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ११:

प्रशासकीय भवन निर्माण कार्यको डिजाइन परिवर्तन तथा भेरियसन आदेश स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. १२:

विविध सम्बन्धमा ।

Scanned with CamScanner

मिति २०८३/०१/३० गतेको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु :

निर्णय नं. १:

अघिल्लो गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरू केही कार्यान्वयन भएको र केही कार्यान्वयनको क्रममा रहेको हुँदा सोको प्रभावकारिता अभिवृद्धिका लागि सबैले आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नु पर्ने निचोड सहित अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

निर्णय नं. २:

तमानखोला गाउँपालिकाको गाउँपालिकास्तरिय योजना अनुगमन तथा सुपरीवेक्षण समिति र वडास्तरिय योजना अनुगमन तथा सुपरीवेक्षण समितिले अनुगमन तथा सुपरीवेक्षण गरेका अनुसूची १ बमोजिमका ४ वटा आयोजनाहरुको अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदनहरु बैठकमा प्रस्तुत तथा छलफल भई उक्त प्रतिवेदन स्वीकृत गरी अन्तिम भुक्तानीका लागि सिफारिस गर्ने तथा अन्तिम भुक्तानी भैसकेका आयोजनाको भुक्तानी अनुमोदन गर्ने ।

निर्णय नं. ३:

तमानखोला गाउँपालिकाले तर्जुमा गर्ने वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने आयोजना तथा कार्यक्रमहरु मध्ये गाउँपालिकाका केही महत्वपूर्ण, रणनीतिक, प्राथमिकता प्राप्त तथा गौरवका आयोजना तथा कार्यक्रम छनौट तथा प्राथमिकिकरण गर्नका लागि अनुसूची २ बमोजिमको आधार तथा मापदण्ड निर्धारण गर्ने ।

निर्णय नं. ४:

यस बैठकमा पेश भई छलफल भएको गाउँपालिकाको सेवा प्रवाह मापदण्ड, २०८३ आवश्यक संशोधन सहित स्वीकृत गर्ने ।

निर्णय नं. ५:

यस बैठकमा पेश भई स्वीकृत भएको उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ आवश्यक संशोधन सहित स्वीकृत गर्ने ।

निर्णय नं. ६:

लोक सेवा आयोगको सिफारिस पत्र बमोजिम तमानखोला गाउँपालिकाको कार्यालयमा सुरु नियुक्ती भई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सं.मा. तथा सा.प्र.मन्त्रालय)को निर्णयानुसार सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहमा कामकाज गर्न खटाइएका देहायका कर्मचारीलाई सुदुरपश्चि प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १४९ तथा

Scanned with CamScanner

नियमावली, २०८२ को नियम १३५ बमोजिम कार्यरत स्थानीय तहको समान पदमा पदस्थापन गर्ने व्यवस्था भएको हुँदा निजहरुको यस कार्यालयमा रहेको दरवन्दी रिक्त हुने गरी कार्यरत स्थानीय तहको समान पदमा पदस्थापन गर्नका लागि सहमती दिने ।

| क्र. सं. | कर्मचारीको नाम/ संकेत नं. | सुरु नियुक्ती सेवा, समूह, तह/मिति | स.मा. तथा सा.प्र. मन्त्रालयको कामकाज गर्न खटाएको निर्णय | कामकाज गर्न खटाइएको स्थानीय तह | खटाइएको सेवा, समूह, तह | कै. |
|---|---|---|---|---|---|---|
| १ | विरेन्द्र तिमिल्सैना/ २३८४३९ | प्रशासन, सा.प्र., सहायक स्तर चौथो/ २०७६/०९/२५ (च.नं. ३३० मिति २०७६/०९/२५ को नियुक्ती पत्र) | च. नं. १४२१ मिति २०७७/११/२१ गतेको पत्र बमोजिम मिति २०७७/११/२० को निर्णय | कमलबजार नगरपालिका, अछाम | प्रशासन, सा.प्र., सहायक स्तर चौथो | |
| २ | धनेन्द्र बहादुर जेठारा/२४२७६१ | ईन्जिनियरिङ्ग, सिभिल, खा.प.स.टे., सहायक स्तर चौथो /२०७६/१२/०९ (च.नं. ८४६ मिति २०७६/१२/०९ को नियुक्ती पत्र) | च. नं. १५५८ मिति २०७७/११/२६ गतेको पत्र बमोजिम मिति २०७७/११/२५ को निर्णय | खप्तडछान्ना गाउँपालिका, बझाङ | ईन्जिनियरिङ्ग, सिभिल, खा.प.स.टे., सहायक स्तर चौथो | |

निर्णय नं. ७:

उद्योग वाणिज्य संघ, बागलुङ मुख्य आयोजक तथा तमानखोला गाउँपालिका समेत सह आयोजक भई मिति २०८२ पौष ११ देखि २२ गतेसम्म आयोजना गरेको बागलुङ महोत्सव २०८२ का लागि उद्योग वाणिज्य संघ, बागलुङलाई अन्य सामाजिक सहायता कार्यक्रमबाट खर्च गर्ने गरी अध्यक्षको तोकादेश अनुसार रु. ५० हजार आर्थिक सहयोग गर्ने ।

Scanned with CamScanner

निर्णय नं. ८:

तमानखोला गाउँपालिकाले आ.व. २०८२/०८३ को आर्थिक ऐन, २०८२ बमोजिम नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनले दिएको अधिकारक्षेत्र भन्दा बाहिर करारोपण नगरेको स्वःघोषणा गर्ने ।

निर्णय नं. ९:

तमानखोला गाउँपालिका वडा नं. ४ स्थित शोले युवा क्लबले मिति २०८३ जेठ १ गतेदेखि जेठ ११ गतेसम्म आयोजना गर्ने ऐतिहासिक जेष्ठ मेला २०८३ कार्यक्रमका लागि कार्यक्रम प्रस्तावना तथा सम्पन्न प्रतिवेदनका आधारमा रु. २ लाखसम्म आर्थिक सहयोग गर्ने ।

निर्णय नं. १०:

तमानखोला गाउँपालिकाको कार्यालयमा सि.अ.न.मी. पदमा कार्यरत श्री इन्द्रा कुमारी बुढाको मिति २०८२/०१/२२ गते भएको असमायिक निधन प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारमा गहिरो समवेदन व्यक्त गर्दछौं । साथै, निजले यस गाउँपालिकाको सेवा प्रवाहमा पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै गाउँपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्था (अत्यावश्यक सेवा बाहेक)मा मिति २०८२/०१/२४ गते दिइएको शोक विदा अनुमोदन गर्ने ।

निर्णय नं. ११:

तमानखोला गाउँपालिकाको कार्यालयको आ.व. २०७९/०८० को ठेक्का नं. 04/TRM/BGL/NCB/2079-80, **Construction of Tamankhola Rural Municipality Office Building** कार्यका लागि मिति २०८०/०३/२२ गते दिर्घायु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.सँग सम्झौता भई निर्माण कार्य सञ्चालन रहेकोमा भवन निर्माणस्थलको जग्गाको केही हिस्सा हुलाक कार्यालयको नाममा भएको कारण जग्गा सम्बन्धी समस्या सिर्जना भएकोले सुरु विस्तृत परियोजना प्रतिवेदन (DPR) बमोजिमको भवनको डिजाइनमा केही आवश्यक परिवर्तन गर्नुपर्ने भएको र सोको कारण केही Items मा परिमाण थपघट गर्नुपर्ने भएकोले पूर्वाधार शाखाबाट पेश भएको डिजाइन परिवर्तन तथा भेरिएसन आदेश स्वीकृत गर्ने ।

निर्णय नं. १२:

(क) तमानखोला गाउँपालिका वडा नं. २, सिल्गुम स्थित सिल्गुम प्रा.वि.को पर्खाल भत्किएको कारण घेराबार गरी संरक्षण गर्नुपर्ने भएकोले प्राविधिक लागत अनुमान तथा मूल्यांकनका आधारमा

Scanned with CamScanner

मर्मत सम्भार कोषबाट अधिकतम् रु. २ लाख ५० हजारको बजेट सीमा भित्र रही खर्च गर्ने गरी स्रोत सुनिश्चित गर्ने ।

(ख) तमानखोला गाउँपालिका वडा नं. ५ को बागमान घाट देखि वडा नं. ६ को बगरखोलासम्मको सडक खण्ड मर्मत सम्भार तथा संरक्षण गर्नुपर्ने भएकोले प्राविधिक लागत अनुमान तथा मूल्यांकनका आधारमा मर्मत सम्भार कोषबाट अधिकतम् रु. ५ लाखको बजेट सीमा भित्र रही खर्च गर्ने गरी स्रोत सुनिश्चित गर्ने ।

(ग) तमानखोला गाउँपालिका वडा नं. ३ को तमान देखि हिले सडक खण्डको नारायण चौतारा क्षेत्रमा सडक मर्मत सम्भार तथा संरक्षण गर्नुपर्ने भएकोले प्राविधिक लागत अनुमान तथा मूल्यांकनका आधारमा मर्मत सम्भार कोषबाट अधिकतम् रु. २ लाखको बजेट सीमा भित्र रही खर्च गर्ने गरी स्रोत सुनिश्चित गर्ने ।

(घ) आ.व. २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत दलित समुदायको जीवनस्तर सर्वेक्षण कार्यक्रमका लागि रु. ३ लाख विनियोजना भएकोमा कार्यालयबाट तयार भएको लागत अनुमान बमोजिम कार्यक्रम कार्यान्वयनका लागि रु. १ लाख ४९ हजार रकम अपुग हुने देखिएकोले उक्त अपुग रकम कार्यालय सञ्चालन तथा प्रशासनिक अन्तर्गत सेवा र परामर्शमा बाँकी रहेको बजेटबाट व्यवस्था गर्ने गरी स्रोत सुनिश्चित गर्ने ।

Scanned with CamScanner